CAREERINDIA

**SET – 4**

**Series : GBM/C**

कोड नं.
**Code No. 24**

रोल नं.
**Roll No.**

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **4** हैं ।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें ।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **10** प्रश्न हैं ।
- **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें ।**
- इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है । प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा । 10.15 बजे से 10.30 बजे तक छात्र केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे ।
- Please check that this question paper contains **4** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **10** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

www.careerindia.com

# नेपाली
# NEPALI

*निर्धारित समय : 3 घंटे* | *अधिकतम अंक : 100*

*Time allowed : 3 hours* | *Maximum Marks : 100*

## खण्ड – एक

1. (क) छन्द के-लाई भनिन्छ ? **1**

   (ख) छन्दमा यति-भङ्ग दोष भन्नाले के बुझिन्छ ? **1**

CAREERINDIA

| | | |
|---|---|---|
| (ग) | शिखरिणी छन्दको गण र लक्षण लेख्नुहोस् । | **1** |
| (घ) | अनुष्टुप छन्द के-लाई भनिन्छ ? उदाहरणसहित स्पष्ट पार्नुहोस् । | **3** |
| (ङ) | अलङ्कार भन्नाले को बुझिन्छ ? कति प्रकारका छन् ? | **1** |
| (च) | अनुप्रास अलङ्कार कति प्रकारका छन् ? के-के ? | **2** |
| (छ) | श्लेष अलङ्कारको परिचय उदाहरणसहित पेश गर्नुहोस् | **3** |

**खण्ड-दुइ**

2. आफ्नो छात्रावासमा रहेको भाइलाई पढ़ाइ र समयको महत्त्व बुझाउँदै एउटा चाखलाग्दो पत्र लेख्नुहोस् । **5**

3. निम्न विषयहरूमध्ये कुनै **एक** विषयमा लगभग **250** शब्दसम्मको निबन्ध लेख्नुहोस् । **10**

(i) नारी शिक्षा ।

(ii) जीवनमा अनुशासनको महत्त्व ।

(iii) प्राकृतिक प्रकोप ।

**खण्ड-तीन**

4. मनुष्यका सम्झनाको दुइ खण्ड छन्-स्वार्थ र परार्थ, परपीड्नले स्वार्थ पठाउन खोज्नु अधम हो, स्वार्थद्वारा परार्थ पठाउनु माध्यम, परार्थद्वारा स्वार्थ पठाउनु उतम हो ।

| | | |
|---|---|---|
| (क) | उक्त वाक्यांशको पाठ र लेखकको नाम लेख्नुहोस् । | **1** |
| (ख) | उक्त वाक्यांशको वक्ता को हो ? | **1** |
| (ग) | उक्त वाक्यमा व्यक्त भावलाई स्पष्ट पार्नुहोस् ? | **3** |
| (घ) | ***माछाको मोल*** कथाका पात्र रनेको चरित्र चित्रण गर्नुहोस् । | **3** |
| (ङ) | कुखुरी काँ कथामा आमाले छोरोलाई फुस्ल्याउँनका निम्ति कस्तो कसरत् गर्नु परेको छ ? पाठको आधारमा लेख्नुहोस् । | **4** |
| (च) | समाधानको खोजी पाठमा दिन खोजेको सन्देश के हो ? | **3** |

5.

| | | |
|---|---|---|
| (क) | **हाई-हाईअङ्ग्रेजी** निबन्धमा निबन्धकारले हाई-हाई भनेर अङ्ग्रेजी भाषाप्रति कस्तो व्यांग्य हानेका छन् ? | **4** |
| (ख) | **प्यारो सपना** निबन्धमा निबन्धकारको भनाइमा सपना के हो र जीवनमा यसको के-कस्तो महत्त्व छ ? स्पष्ट पार्नुहोस् । | **4** |
| (ग) | **"नवयुग ल्याउन चाहन्थे"** – भनेर निबन्धमा कुन अनि कस्तो नवयुगको उल्लेख गरिएको छ ? | **2** |



www.careerindia.com

6. (क) सप्रसङ्ग व्याख्या गर्नुहोस् – **4**

पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भई

फूटी बाहिर निस्क्यो कि पुष्पको रुपमा सबै ।

**अथवा**

झुकेको छ सबै धान्य ठाड़ो छैन कुनै पनि

उपकारी गुणी व्यक्ति यस्तै हुन्छ जहाँ पनि ।

(ख) शरद ऋतुमा प्रकृतिको अवस्था कस्तो हुन्छ ? **3**

(ग) छवटा ऋतुमध्ये वसन्त ऋतुलाई ऋतुराज मान्नको कारण के हो ? **3**

7. (i) नाटक भन्नाले के बुझिन्छ ? **1**

(ii) आधुनिक नाटकले के–के ऋचा सुनाउँछ ? **1**

(iii) आधुनिक कालका नाटकको उद्देश्य को हो ? **2**

(iv) 'वसुधैव कुटुम्बकम् / भन्नाले के बुझिन्छ ? **1**

(v) हामीले नेपाली कला संस्कृतिको विकास गर्न के–के गर्नुपर्छ ? दान–योगदान एकाङ्कीको आधारमा चर्चा गर्नुहोस् । **3**

(vi) बन्दिनी कुन अभियोगमा बन्दीगृहमा परेकी छिन् ? वास्तवमा उनी के चाहन्छिन् ? **2**

8. (क) **जुनेली रेखा** उपन्यासको पात्र जसेले किन र कस्तो दण्ड पायो ? **3**

(ख) 'हट्टा बाहर प्रथा' भन्नाले के बुझिन्छ ? **2**

(ग) मालिनीले अन्तमा गएर के कारण जसेलाई भेट्ने विचार गरी ? **2**

(घ) **जुनेली रेखा** उपन्यासद्वारा उपन्यासकारले दिन खोजेको सन्देश के हो ? **3**

9. (क) लेखनाथ पौड्यालका कुनै दुइवटा चर्चित कृतिका नाम लेख्नुहोस् ? **2**

(ख) रामकृष्ण शर्माले साहित्यको कुन–कुन विधामा कलम चलाएका थिए ? **2**

(ग) नाट्यसम्राट बालकृष्ण सम कुन–कुन पुरस्कार द्वारा सम्मानित भएका थिए ? **2**

(घ) लेखनाथ पौड्याललाई कुन उपाधिले सम्मानित गरियो जो आजपर्यन्त प्रयोग गरिन्छ । **2**

CAREERINDIA

10. (क) नेपाली भाषालाई किन साझा भाषा मानिन्छ ? **2**

(ख) नेपाली भाषामा पाइएका सर्वप्राचीन तीनवटा कृतिको नाम लेख्नुहोस् । **3**

(ग) नेपाली उपन्यासको क्षेत्रमा पहिलो मौलिक उपन्यास भनेर कसको कुन उपन्यासलाई मानिन्छ ? **2**

(घ) कुनै दुइवटा सामाजिक यथार्थवादी उपन्यासको नाम लेख्नुहोस् । **2**

(ङ) **सुम्निमा** उपन्यासका उपन्यासकार को हुन् ? **1**

---

www.careerindia.com